## बैठक नं. १

आज मिति २०८२ साल श्रावण १२ गते सोमबारका दिन बिहान १०:०० बजे जानकी गाउँपालिकाका अध्यक्ष श्री गणेश चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमका पदाधिकारीज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :-

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री गणेश चौधरी | अध्यक्ष | [signature] |
| २. | श्री लालमती देवी कठरिया | उपाध्यक्ष | — |
| ३. | श्री सुरेश कुमार चौधरी | सदस्य | [signature] |
| ४. | श्री चक्र बहादुर विष्ट | सदस्य | — |
| ५. | श्री सुरेश चौधरी | सदस्य | [signature] |
| ६. | श्री दिपेन्द्र कुमार कठरिया | सदस्य | [signature] |
| ७. | श्री भिम बहादुर चौधरी | सदस्य | — |
| ८. | श्री इन्द्र चौधरी | सदस्य | — |
| ९. | श्री कमल महतो | सदस्य | [signature] |
| १०. | श्री तिर्थराज उपाध्याय | सदस्य | [signature] |
| ११. | श्री खकेन्द्र भण्डारी | सदस्य | — |
| १२. | श्री लक्ष्मी चौधरी | सदस्य | लक्ष्मी |
| १३. | श्री इन्द्रा सोप वि.क. | सदस्य | [signature] |
| १४. | श्री पार्वती देवी डगौरा थारु | सदस्य | — |
| १५. | श्री पवित्रा विश्वकर्मा | सदस्य | [signature] |
| १६. | श्री राधा भुल | सदस्य | राधा |
| १७. | श्री नर बहादुर कुमाल | सदस्य | [signature] |
| १८. | श्री आशिष चौधरी | सचिव | |

प्रस्ताव नं. १ :- गुरही/पचैइयाँ/नागपञ्चमी पर्वको अवसरमा स्थानीय बिदा सम्बन्धमा ।

निर्णय नं. १ :- प्रस्ताव नं. १ माथि छलफल गर्दा हिन्दु धर्मावलम्बीहरुको नागपञ्चमी तथा थारु समुदायको गुरही/पचैइयाँ पर्वको अवसरमा विक्रम सम्वत् २०८२ साल श्रावन १३ गते मंगलबारका दिन यस जानकी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्था/केन्द्र र शैक्षिक संस्थाहरुमा १(एक) दिन स्थानीय बिदा दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ :- स्वागत गेट निर्माण गर्ने सम्बन्धमा ।

निर्णय नं. २ :- प्रस्ताव नं. २ माथि छलफल गर्दा रानी जमरा कुलरिया सिंचाई परियोजनाद्वारा निर्मित जानकी गाउँपालिका वडा नं. ९ कटासे स्थित ४.७१ मेगावाट विद्युत उत्पादन क्षमता रहेको कटासे हाईड्रोपावरको उद्धाटन गर्न सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको आगमन हुने भएको हुँदा उहाँको स्वागतको लागि फलामको स्वागत गेट निर्माण गर्ने र स्वागत गेट निर्माणको खर्च प्राविधिक इस्टिमेट बमोजिम गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

२०८२।०४।१२

आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत

गणेश चौधरी
अध्यक्ष